# जिल्ला प्रशासन कार्यालय, अर्घाखाँची

## वार्षिक बुलेटिन

२०७८, वर्ष ३, अंक २



प्रकाशक

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

सन्धिखर्क, अर्घाखाँची

| सम्पादक मण्डल | |
|---|---|
| **सल्लाहकार:** | श्री विष्णु पौडेल<br>प्रमुख जिल्ला अधिकारी |
| **सम्पादक मण्डल:** | |
| | श्री विक्रम थापा (सहायक प्रमुख जिल्ला अधिकारी) |
| | श्री विनोद खनाल (सहायक प्रमुख जिल्ला अधिकारी) |
| | श्री फर्सुराम पाण्डे (नायव सुब्बा) |
| | श्री दिपक खनाल (कम्प्युटर अपरेटर) |
| | श्री रेखा पुन (कम्प्युटर अपरेटर) |


प्रकाशक : जिल्ला प्रशासन कार्यालय,अर्घाखाँची



फोन नं. : ०७७-४२०१३३

: ०७७४२०२०८

: ०७७४२०७३१

: ०७७४२०८७३(DEOC)

फ्याक्स : ०७७४२०२०९

टोल फ्रि : १६६०७७४२०४२

वेभसाईट : http://www.daoarghakhanchi.moha.gov.np

ईमेल: : daoarghakhanchi@moha.gov.np

: daoarghakhanchi@gmail.com

: arghakhanchidao@gmail.com

फेसबुक: : https://www.facebook.com/arghadao

ट्वीटर: : https://twitter.com/daoarghakhanchi



प्रकाशित मिति: : २०७८ भदौ



**सर्वाधिकार © जिल्ला प्रशासन कार्यालय, अर्घाखाँची**

# विषयसूची


१. **अर्घाखाँची जिल्लाको संक्षिप्त परिचय** ........ १

१.१ नक्सामा अर्घाखाँची जिल्ला ........ १

१.२ तथ्याङ्कमा अर्घाखाँची जिल्ला ........ १

१.३ जिल्ला स्थित स्थानीय तहको विवरण ........ २

१.४ प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरू ........ २

२. **जिल्ला प्रशासन कार्यालय, अर्घाखाँचीको संक्षिप्त परिचय** ........ ४

२.१ पृष्ठभूमि ........ ४

२.२ शुरूदेखि हालसम्म यस कार्यालयका प्रमुख जिल्ला अधिकारीहरूको नाम र कार्य अवधि ........ ४

२.३ कार्यरत कर्मचारीहरूको विवरण ........ ५

३. **जिल्ला प्रशासन कार्यालयअर्घाखाँचीले गर्ने मुख्य कार्यहरू** ........ ५

३.१ शान्ति सुरक्षा ........ ५

३.२ नागरिकता तथा राहदानी (MRP) सम्बन्धी कार्य ........ ६

३.३ स्थानीय प्रशासन सम्बन्धी कार्य ........ ६

३.४ विपद् व्यवस्थापन सम्बन्धी कार्य ........ ६

३.५ न्यायिक कार्य ........ ७

३.६ लागुऔषध नियन्त्रण सम्बन्धी कार्य ........ ७

३.७ अन्य कार्य ........ ७

४. **जिल्ला प्रशासन कार्यालय, अर्घाखाँचीबाट चालु आ.व.मा सम्पादित क्रियाकलापहरु** ........ ८

४.१ जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीको आ.व. ०७७/०७८ को वार्षिक कार्यप्रगति ........ ८

४.२ जिल्लामा शान्ति सुरक्षा तथा अपराध नियन्त्रणका लागि गरिएका कार्यहरू ........ ११

४.२.१ एकीकृत रणनीतिक सुरक्षा योजना कार्यान्वयन ........ ११

४.२.२ जिल्ला सुरक्षा समितिको बैठक ........ ११

४.२.३ राजमार्गमा हुने अबरोध हटाउने रोष्टर/समूह र कार्ययोजना निर्माण ........ ११

४.२.४ सुरक्षा निकायहरुको निरीक्षण ........ १२

४.२.५ कारागार निरीक्षण ........ १२

४.२.६ अन्तर जिल्ला समन्वय बैठक ........ १२

४.२.७ चाडपर्व लक्षित सुरक्षा योजना ........ १३

४.२.८ प्रबर्द्धनात्मक कार्यक्रम ........ १३

४.३ सुशासन प्रबर्धनका लागि गरिएका कार्यहरू ........ १३

४.३.१ प्रभावकारी सार्वजनिक सेवा प्रवाह ........ १३

४.३.२ राष्ट्रिय परिचयपत्र सम्बन्धी कार्य ........ १३

४.३.३ द्वन्द पिडित राहत व्यवस्थापन ........ १४

४.३.४ मुद्दा सम्बन्धी कार्य ........ १४
४.३.५ कर्मचारीहरूको नियमित बैठक ........ १४
४.३.६ जिल्ला अनुगमन तथा मूल्याङ्कन समितिको बैठक ........ १४
४.३.७ सरकारी कार्यालयहरूको छड्के अनुगमन ........ १५
४.३.८ सूचना अधिकारीसँग बैठक ........ १५
४.३.९ उपभोक्ताको हित संरक्षण ........ १५
४.३.१० बजार अनुगमन ........ १५
४.३.११ कार्यालय प्रमुखसँग बैठक ........ १६
४.३.१२ बगैंचा सरसफाई ........ १६
४.३.१३ अशक्त तथा अपाङ्गलाई न्यानो कपडा र घरमै पुगी नागरिकता वितरण ........ १७
४.४ लागू औषध नियन्त्रण सम्बन्धी कार्य ........ १७
४.४.१ लागू औषध नियन्त्रण सम्बन्धी कार्ययोजना, २०७७ अद्यावधिक ........ १७
४.४.२ जिल्ला अनुगमन तथा समन्वय समितिको बैंठक ........ १७
४.५ विपद् व्यवस्थापन सम्बन्धी ........ १७
४.६ विकास निर्माणमा समन्वय ........ १८
४.७ कार्यालयको आन्तरिक व्यवस्थापन ........ १८
५. **कोभिड-१९ सम्बन्धी** (COVID-१९ CRISIS MANAGEMENT CENTRE (DCCMC) **को बैठक** ........ १९
५.१ कोरोना संक्रमितको विवरण ........ १९
५.२ . जिल्ला दररेट निर्धारण ........ २०
५.३ जग्गाको न्यूनतम मुल्यांकन ........ २०
५.४ स्थानीय तहमा अन्तरक्रिया ........ २०
५.५ विपद्को व्यवहारिक अभ्यास सञ्चालन ........ २०
६. **जिल्लामा रहेका सार्वजनिक निकायहरूको विवरण** ........ २१
६.१ अर्घाखाँची जिल्ला स्थित सरकारी कार्यालय र कार्यालय प्रमुख ........ २१
६.२ अर्घाखाँची जिल्ला स्थित सरकारी कार्यालयका सूचना अधिकारीहरुको विवरण ........ २३
**७. जिल्ला स्थित सुरक्षा निकाय र मातहत इकाई प्रमुखहरुको विवरण** ........ २५
७.१ ईश्वरी बक्स गुल्म, नेपाली सेना अर्घाखाँची ........ २५
७.२ जिल्ला प्रहरी कार्यालय, अर्घाखाँची ........ २५
७.३.सशस्त्र प्रहरी बल नेपाल (गुल्म नं. ३६) ........ २६
७.४.राष्ट्रिय अनुसन्धान कार्यालय, अर्घाखाँची ........ २६

# १.  अर्घाखाँची जिल्लाको संक्षिप्त परिचय

## १.१ नक्सामा अर्घाखाँची जिल्ला




*फोटो १.१नक्सामा अर्घाखाँची जिल्ला*

## १.२ तथ्याङ्कमा अर्घाखाँची जिल्ला

| | |
|---|---|
| प्रदेश | : लुम्विनी प्रदेश |
| क्षेत्रफल | : ११९३ वर्ग कि.मि. |
| अक्षांश/ देशान्तर | : अक्षांश २७°२५' देखि २८°६' देशान्तर ८०°४५' देखि ८३°२३' |
| सिमाना | : पूर्वमा पाल्पा, पश्चिममा दाङ र प्युठान, उत्तरमा गुल्मी र दक्षिणमा कपिलवस्तु र रूपन्देही |
| समूद्र सहतदेखिको उचाई | : ३०५ मिटरदेखि २५०० मिटरसम्म |
| सदरमुकामः | : सन्धिखर्क |
| निर्वाचन क्षेत्र संख्या | : प्रतिनिधि सभा १ र प्रदेश सभा २ |
| मुख्य जातजातिः | : ब्राह्मण ३२.७७%, दलित २१%, क्षेत्री १८.२३%, मगर १८%, नेवार २.८०%, मुस्लिम ०.९०% र अन्य ६.३% |
| कुल जनसंख्या | : १,९७,६३२ (महिला : १,११,३६६ र पुरुष : ८६,२६६) |

## १.३ जिल्ला स्थित स्थानीय तहको विवरण

| क. स. | स्थानीय तहको नाम | केन्द्र |
|---|---|---|
| १. | सन्धिखर्क नगरपालिका | सन्धिखर्क |
| २. | शितगंगा नगरपालिका | ठाडा |
| ३. | भुमिकास्थान नगरपालिका | नुवाकोट |
| ४. | पाणिनी गाउँपालिका | दुर्गाफाँट |
| ५. | मालारानी गाउँपालिका | खनदह |
| ६. | छत्रदेव गाउँपालिका | छत्रगञ्ज |

## १.४ प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरू

| क.सं. | विवरण | ठेगाना |
|---|---|---|
| १ | अर्घाकोटभगवतीमन्दिर/दरबार | सन्धिखर्क-९, अर्घाकोट |
| २ | खाँचीकोटमन्दिर/दरवार | सन्धिखर्क-७, खाँचीकोट |
| ३ | डमरुदह /ठाडादह | शितगंगा-३, ठाडा |
| ४ | बराह दह (गोही पाईने ठाउँ) | शितगंगा-९ |
| ५ | दुर्वासेश्वरगुफा | पाणिनी-३, खिदिम |
| ६ | पाणिनितपोभूमि | पाणिनी-३, पणेना |
| ७ | उलुकछत्रमहाराजकोमन्दिर | छत्रदेव-५, छत्रगञ्ज |
| ८ | जालकाँडाकोलेक(१९२९मी.) | मालारानी-३, खन |
| ९ | बल्कोटपौवा/परशुरामेश्वर शिवालय | छत्रदेव-२ बल्कोट |
| १० | रामवाणतपोभूमिरवाणगंगा | शितगंगा-१४, सिमलपानी |
| ११ | मसिनाकोलेक, तीनपानेकोलेक | पाणिनी-६, धातिवाङ्ग |
| १२ | सेङलेङकोदह | भूमिकास्थान-१०, धनचौर |
| १३ | सुपादेउराली | सन्धिखर्क-७, नरपानी |
| १४ | मनचिन्तेपानी | मालारानी-३, खनदह |
| १५ | शीतखोलाकोझरना | सन्धिखर्क-६, नरपानी |
| १६ | रावणकोशंख | शितगंगा-२, सितापुर |
| १७ | भालेओडार | भुमिकास्थान-३, धारापानी |
| १८ | पकलेवगैंचा / पौवा | सन्धिखर्क-८, किमडाडा |
| १९ | सिमेदेउराली | मालारानी-९, गोखुङ्गा |
| २० | घेराकोलेक | मालारानी-४, खनदह |
| २१ | मालारानीभगवतीमन्दिर | छत्रदेव-८, भगवती |
| २२ | नृसिंहमन्दिर | मालारानी-७, हंसपुर |



फोटो १.२ सुपा देउराली मन्दिर



फोटो १.३ डमरू दह



फोटो १.४ बराह दह



फोटो १.५ छत्रदेव महाराजको मन्दिर



फोटो १.६पाणिनी तपोभूमी



फोटो १.७दुर्वाशेश्वर गुफा




फोटो १.८सिद्धेश्वर शिवालय मन्दिर



फोटो १.९ उलुक छत्रमहाराजको मन्दिर परिसर

| | | |
|---|---|---|
| २३ | कोदारे घारको झरना | मालारानी-२, अर्घातोष |
| २४ | भूमिकास्थान | भूमिकास्थान-२, ढाकावाङ्ग |
| २५ | सरेपानी (वर्षातको समयमा पानी नहुने र हिउँदमा मूलफुटी पानी बग्ने) | शितगंगा नगरपालिका वडा नं. १२, ठाडा |
| २६ | नर्तनाचल/नृत्याङ्चल पर्वत | सन्धिखर्क नगरपालिका वडा नं. ७, नरपानी |
| २७ | गौचौर दह | भूमिकास्थान नगरपालिका वडा नं. ९, ढिकुरा |
| २८ | तिलखुवाको झरना | छत्रदेव गापा वडा नं. ७, अर्घातोष |
| २९ | जुखोदी गुफा | छत्रदेव गापा वडा नं. ८, मरेङ्ग/भगवती |
| ३० | केरुङ्गा हटियादेवी मन्दिर | छत्रदेव गापा वडा नं. ४, केरुङ्गा |
| ३१ | ढावरखोलाको झरना | छत्रदेव गापा वडा नं. १, चिदिका |
| ३२ | मधुलेकको गुफा | छत्रदेव गापा वडा नं. १, चिदिका |
| ३३ | धैरेनी राजाको दरवार | छत्रदेव गापा वडा नं. ५, ठुलापोखरा |
| ३४ | सिद्धबाबाको स्थान | मालारानी-४, खन |
| ३५ | गोपेश्वर पीठ/मथुरावेशी | सन्धिखर्क नगरपालिका वडा नं. ५, वाङ्ला/मथुरा |

## २. जिल्ला प्रशासन कार्यालय, अर्घाखाँचीको संक्षिप्त परिचय

### २.१ पृष्ठभूमि

नेपालको एकीकरण पूर्व चौविसे राज्यको रूपमा रहेका अर्घा र खाँची दुई राज्यको एकीकरण पश्चात यस जिल्लाको नाम अर्घाखाँची कायम भएको देखिन्छ। नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गर्नुपूर्व गुल्मी अन्तर्गत पर्ने यो जिल्ला २०१८ सालमा छुट्टै जिल्लाको रूपमा कायम भएको हो। सो लगत्तै यस जिल्लामा नेपाल सरकारको प्रमुख प्रतिनिधिमूलक निकायको रूपमा जिल्ला प्रशासन कार्यालय र जिल्लाको प्रमुख प्रशासकीय पदाधिकारीको रूपमा प्रमुख जिल्ला अधिकारीको व्यवस्था भयो । स्थानीय प्रशासन ऐन, २०२८ जारी भए पछि प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकार कानूनी रूपमै व्यवस्थित गरियो ।

जिल्ला प्रशासन कार्यालय अर्घाखाँची जिल्लामा शान्ति सुरक्षा, सुव्यवस्था तथा सुशासन कायम गर्ने, अपराध नियन्त्रण गर्ने, अन्य सरकारी निकायले गर्ने विकासनिर्माण तथासेवाप्रवाहकोप्रभावकारिताकोलागिसहयोग,समन्वय, सहजीकरणतथा विवाद समाधान गर्ने, विपद व्यवस्थापनमा समन्वय गर्ने लगायतका कार्य गर्ने गरी स्थापित जिल्ला स्थित मुख्य सरकारी निकाय हो ।सन्धिखर्क नगरपालिका वडानं १ स्थित आफ्नै अन्दाजी १५ रोपनी जग्गामा निर्मित भवनमा यो कार्यालय सञ्चालित छ । अहिले पनि जिल्ला प्रशासन कार्यालय संघीय संरचनामा तीनवटै सरकार अर्थात संघ प्रदेश र स्थानीयतह वीच समन्वय गर्ने नेपाल सरकार मातहतको प्रमुख निकायको रूपमा रहेको छ । राजपत्रांकित प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी, राजपत्रांकित द्वितीय श्रेणीको१ जना सहायक प्रमुख जिल्ला अधिकारी र राजपत्रांकित तृतीय श्रेणीका दुई जना प्रशासकीय अधिकृत रहेको यस कार्यालयको कूल स्वीकृत दरबन्दी र पदपूर्ति अवस्था देहायबमोजिम रहेको छ ।

### २.२ शुरूदेखि हालसम्म यस कार्यालयका प्रमुख जिल्ला अधिकारीहरूको नाम र कार्य अवधि

| क्र. सं. | नाम थर | देखि | सम्म |
|---|---|---|---|
| १ | लोक विक्रम राणा | २०२६ | २०२९ |
| २ | जगन्नाथ राज भण्डारी | २०२९ | २०३० |
| ३ | पुरुषोत्तम शर्मा घिमिरे | २०३१ | २०३३ |
| ४ | रामचन्द्र शर्मा पौडेल | २०३३ | २०३५ |
| ५ | कृष्ण मुरारी शर्मा | २०३६ | २०३७ |
| ६ | हरि प्रसाद शर्मा | २०३७ | २०३७ |
| ७ | कृष्ण प्रसाद शर्मा रेग्मी | २०३८ | २०३९ |
| ८ | रघुनाथ भण्डारी | २०३९ | २०४१ |
| ९ | लक्ष्मी प्रसाद भट्टराई | २०४१ | २०४४ |
| १० | रेवती राज काफ्ले | २०४४ | २०४७ |
| ११ | राम प्रसाद खतिवडा | २०४७ | २०४७ |
| १२ | केशवराज घिमिरे | २०४७ | २०४८ |
| १३ | राम प्रसाद शर्मा | २०४८ | २०४९ |
| १४ | प्रेम प्रसाद शर्मा सापकोटा | २०४९ | २०५१ |
| १५ | राम कुमार आचार्य | २०५१ | २०५१ |
| १६ | श्रीकृष्ण खनाल | २०५१ | २०५२ |
| १७ | गोविन्द खनाल | २०५२ | २०५३ |
| १८ | नेम कुमार न्यौपाने | २०५३ | २०५३ |
| १९ | डिल्ली राज जोशी | २०५३ | २०५४ |
| २० | नरेन्द्रराज शर्मा जोशी | २०५४ | २०५६ |
| २१ | गणेश बहादुर कुंवर | २०५६ | २०५७ |
| २२ | रामेश्वर घिमिरे | २०५७ | २०५७ |
| २३ | देशी राम पिया | २०५७ | २०५८ |

| | | | |
|---|---|---|---|
| २४ | वेद प्रकाश लेखक | २०५८ | २०५८ |
| २५ | काशीराज आचार्य | २०५९ | २०५९ |
| २६ | कृष्ण प्रसाद आचार्य (का.मु.) | २०५९ | २०६० |
| २७ | केदारनाथ शर्मा | २०६० | २०६१ |
| २८ | वीरेन्द्र नाथ शर्मा (का.मु.) | २०६१।०४ | २०६१।१०।०३ |
| २९ | कैलाशनाथ खरेल | २०६१।१२।०८ | २०६३।०२।१० |
| ३० | रुद्रनाथ बस्याल | २०६३।०२।१० | २०६३।०३।१४ |
| ३१ | शिव प्रसाद नेपाल | २०६३।०३।१९ | २०६४।०३।१८ |
| ३२ | भवानी प्रसाद पराजुली | २०६४।०३।२४ | २०६६।०६।०३ |
| ३३ | बलभद्र गिरी | २०६६।०६।०६ | २०६७।०९।१९ |
| ३४ | शम्भु प्रसाद मरासिनी | २०६७।०९।२६ | २०६८।०३।०५ |
| ३५ | केशवराज घिमिरे | २०६८।०३।१३ | २०६९।०१।१५ |
| ३६ | श्रीकृष्ण श्रेष्ठ | २०६९।०१।१८ | २०६९।०६।०३ |
| ३७ | गोविन्दमणि भुर्तेल | २०६९।०६।१५ | २०७०।०३।२१ |
| ३८ | सागरमणि पाठक | २०७०।०३।२४ | २०७१।०१।३१ |
| ३९ | ज्ञान प्रसाद ढकाल | २०७१।०२।०१ | २०७२।०२।३२ |
| ४० | सुरेन्द्र पौडेल | २०७२।०३।०३ | २०७३।०६।१६ |
| ४१ | कृष्ण बहादुर कटवाल | २०७३।०६।१७ | २०७३।११।२४ |
| ४२ | डिल्लीराज पोखरेल | २०७३।१२।१० | २०७४।०५।२३ |
| ४३ | खिमराज भुसाल | २०७४।०५।२६ | २०७५।०८।१८ |
| ४४ | प्रेमलाल लामिछाने | २०७५।०८।१९ | २०७६।४।२९ |
| ४५ | विजयराज पौडेल | २०७६।५।२ | २०७७।५।११ |
| ४६ | विष्णु पौडेल | २०७७।५।१५ | हालसम्म |

## २.३ कार्यरत कर्मचारीहरूको विवरण

| क्र.सं. | नाम | पद | श्रेणी | शाखा/फाँट |
|---|---|---|---|---|
| १. | विष्णु पौडेल | प्र.जि.अ. | रा.प.द्वितीय | - |
| २. | विक्रम थापा | स.प्र.जि.अ. | रा.प.तृतीय | - |
| ३. | विनोद खनाल | स.प्र.जि.अ. | रा.प.तृतीय | - |
| ४. | कृष्ण प्रसाद आचार्य | ना.सु. | रा.प.अनं. प्रथम | जिन्सी र राहादानी प्रशासन |
| ५. | फर्सुराम पाण्डे | ना.सु. | रा.प.अनं. प्रथम | स्थानीय प्रशासन तथा शान्ति सुरक्षा |
| ६. | राजन पाण्डे | ना.सु. | रा.प.अनं. प्रथम | मुद्दा तथा विपद् व्यवस्थापन |
| ७. | तुल्सी मरासिनी पाण्डेय | ना.सु. | रा.प.अनं. प्रथम | नागरिकता तथा प्रतिलिपि शाखा |
| ८. | ओमप्रकाश श्रेष्ठ | लेखापाल | रा.प.अनं. प्रथम | लेखा फाँट |
| ९. | दिपक खनाल | क.अ. | रा.प.अनं. प्रथम | कम्प्युटर शाखा |
| १०. | रेखा पुन | क.अ. | करार | स्थानीय प्रशासन तथा शान्ति सुरक्षा |
| ११. | धनकला पाण्डे | विवरण दर्ता अपरेटर | करार | राष्ट्रिय परिचयपत्र शाखा |
| १२. | तेज प्रसाद दमासे | खरिदार | रा.प.अनं. द्वितीय | दर्ता चलानी तथा नागरिक सहायता कक्ष |
| १३. | मञ्जु श्रेष्ठ | खरिदार | रा.प.अनं. द्वितीय | नागरिकता तथा प्रतिलिपि |
| १४. | नारायण प्रसाद दमासे | खरिदार | रा.प.अनं. द्वितीय | स्थानीय प्रशासन तथा शान्ति सुरक्षा |
| १५. | पोम नारायण कुंवर | खरिदार | रा.प.अनं. द्वितीय | मुद्दा तथा विपद् व्यवस्थापन |
| १६. | केशव खनाल | ह.स.चा. | करार | - |
| १७. | सुदिप आचार्य | का.स. | करार | - |
| १८. | उमादेवी आचार्य | का.स. | करार | - |
| १९. | किरण बस्याल | का.स. | करार | - |
| २०. | सुनिल पौडेल | का.स. | करार | - |
| २१. | केशव खत्री | का.स. | करार | - |
| २२. | भुवन आचार्य | वि.द.स | करार | - |

# ३. जिल्ला प्रशासन कार्यालयअर्घाखाँचीले गर्ने मुख्य कार्यहरू

## ३.१ शान्ति सुरक्षा

(क) जिल्लामा शान्ति सुरक्षा, सुव्यवस्था तथा सुशासन कायम गर्ने ।

(ख) गैर कानूनी आपराधिक तथा अवाञ्छित गतिविधि नियन्त्रण गर्ने ।

(ग) जिल्ला प्रहरी कार्यालय र मातहत ईकाईहरूको निरीक्षण अनुगमन गर्ने ।

(घ) शान्ति सुरक्षा तथा सुव्यवस्था कायम गर्ने कार्यमा सुरक्षा निकायहरूबीच समन्वय गर्ने ।

(ङ) समाजमा अशान्ति, विभिन्न किसिमका हिंसा तथा अपराध, सो को प्रभाव तथा न्यूनिकरण सम्बन्धी विषयमा सचेतना मूलक कार्यक्रम सञ्चान गर्ने ।

(च) शान्ति सुरक्षा, अपराध नियन्त्रण गर्ने कार्यमा स्थानीय तह, नागरिक समाज र सरोकारवालाहरूसँग आवश्यक समन्वय गर्ने ।

(छ) राजमार्ग सुरक्षा सम्बन्धी कार्य गर्ने ।

(ज) कारागारको निरीक्षण/अनुगमन गर्ने ।

### ३.२ नागरिकता तथा राहदानी (MRP) सम्बन्धी कार्य

(क) वंशज तथा वैवाहिक अंगिकृत नागरिकता प्रदान गर्ने ।

(ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि प्रदान गर्ने, कानून बमोजिम संशोधन गर्ने

(ग) नागरिकता सम्बन्धी अभिलेख प्रमाणित तथा सिफारिस गर्ने ।

(घ) अङ्गिकृत नागरिकताको लागि गृह मन्त्रालयमा सिफारिस गर्ने ।

(ङ) नाबालक परिचयपत्र प्रदान गर्ने ।

(च) राहदानी फाराम संकलनगरी केन्द्रमा पठाउने र तयार भई आएका राहदानी वितरण गर्ने

(छ) द्रुत सेवा मार्फत राहदानीको लागि राहदानी विभागमा सिफारिस गर्ने ।

### ३.३ स्थानीय प्रशासन सम्बन्धी कार्य

(क) संघ/संस्था दर्ता नविकरण, विधान संशोधन र शाखा खोल्ने स्वीकृति तथा नियमन सम्बन्धी कार्य ।

(ख) स्थानीय तहबाट भएको नाता प्रमाणितलाई आवश्यकता अनुसार प्रमाणित गरिदिने ।

(ग) पारिवारिक पेन्सन, सफत-पत्र र रहलपहल सम्बन्धी सिफारिस गर्ने ।

(घ) पारिवारिक विवरण प्रमाणित गर्ने ।

(ङ) हात-हतियार ईजाजत, नामसारी, नविकरण र स्वामित्व हस्तान्तरण गर्ने

(च) विष्फोटक पदार्थ सम्बन्धी कार्य गर्ने ।

(छ) दलित, आदिवासी, जनजाति सम्बन्धमा सिफारिस तथा प्रमाणित गर्ने ।

(ज) पत्र पत्रिका तथा छापाखाना दर्ता गर्ने

(झ) सार्वजनिक सम्पत्तिको अभिलेख संरक्षण र व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(ञ) नाम, थर, उमेर आदि प्रमाणित गर्ने ।

(ट) जग्गा प्राप्ती तथा मुआव्जा सम्बन्धी कार्य गर्ने ।

(ठ) भ्रष्टाचार नियन्त्रण गर्ने ।

(ड) सार्वजनिक यातायात, सुशासन कायम गर्ने ।

### ३.४ विपद् व्यवस्थापन सम्बन्धी कार्य

(क) जिल्लाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गर्ने / अद्यावधिक गर्ने ।

(ख) जिल्लामा विपद् जोखिम न्युनीकरण तथा प्रतिकार्य सम्बन्धमा आवश्यक कार्य गर्ने।

(ग) विपद् व्यवस्थापनमा स्थानीय तह र अन्य सरकारी तथा गैरसरकारी निकायहरुसँग आवश्यक सहकार्य तथा समन्वय गर्ने ।

(घ) विपद् प्रभावितहरूलाई स्वीकृत मापदण्ड अनुरूप राहत वितरण गर्ने ।

(ङ) मनसुन पूर्व तयारी कार्ययोजना तयार गर्ने

(च) विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारको निर्णय एवं निर्देशन र जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम आवश्यक कार्य गर्ने ।

(छ) प्रदेश सरकारबाट बजेट निकासा भए बमोजिम आगलागी पीडितको घर निर्माणको लागि राहत प्रदान गर्ने ।

(ज) सबै स्थानीय तहले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना (DPRP) तर्जुमा गर्न अद्यावधिक गर्ने ।

(झ) सबै वडाहरूमा हेलीप्याड निर्माणको अभियान संचालन गर्ने ।

(ञ) खोज तथा उद्धार सामग्री सहित सुरक्षा निकायमा QRT को व्यवस्था गर्ने ।

## ३.५ न्यायिक कार्य

(क) प्रचलित कानून बमोजिम अर्धन्यायिक निकायको रूपमा न्यायिक कार्य गर्ने ।

(ख) प्रमुख जिल्ला अधिकारीलाई कानूनले तोकेकोविभिन्न मुद्दाहरूको शुरू कारवाही तथा किनारा गर्ने ।

(ग) अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्रत्यायोजित अधिकार एवं निर्देशन अनुरूप भ्रष्टाचारको उजुरीमा प्रारम्भिक अनुसन्धान गरी पेश गर्ने ।

(घ) ठाडो उजुरी तथा गुनासो व्यवस्थापन सम्बन्धी कार्य गर्ने

(ङ) जिल्ला तहका समस्या बारेमा केन्द्र र प्रदेशमा अवगत गराउने ।

(च) श्रीमान गृह सचिवज्यू र प्रमुख जिल्ला अधिकारी बिच भएको कार्य सम्पादन सम्झौता अनुसार कार्य गर्ने ।

(छ) विकास गतिविधिको अवलोकन, निरीक्षण, समस्या समाधान गर्ने ।

## ३.६ लागुऔषध नियन्त्रण सम्बन्धी कार्य

(क) समाजमा व्याप्त लागुऔषध तथा मदिराको प्रयोगलाई पूर्ण रुपमा निरुत्साहित गरी समाजलाई स्वच्छ, स्वस्थ, सदाचारी, नैतिकवान बनाउने अभियानको रुपमा लागुऔषध विरुद्ध सचेतना अभियान सञ्चालन गर्ने ।

(ख) गृह मन्त्रालयबाट तयार भएको लागू औषध नियन्त्रण सम्बन्धी कार्ययोजना, २०७५ को अधिनमा रही निर्माण गरिएको लागू औषध नियन्त्रण सम्बन्धी जिल्लास्तरीय कार्ययोजना, २०७५ लाई अद्यावधिक गरी कार्यान्वयन गर्ने।

## ३.७ अन्य कार्य

(क) संघिय, प्रादेशिक र स्थानीय सरकार बिच समन्वय गर्ने ।

(ख) उपभोक्ता हित सम्बन्धी कार्य गर्ने ।

(ग) दैनिक अत्यावश्यक वस्तु वा सेवाको सहज आपूर्ति पहुँच तथा गुणस्तर सुनिश्चित गर्न बजार अनुगमन लगायतका आवश्यक कार्य गर्ने ।

(घ) जिल्ला दररेट निर्धारण सम्बन्धी कार्य गर्ने ।

(ङ) लागू औषध नियन्त्रण सम्बन्धी कार्य गर्ने

(च) जिल्ला स्तरीय कार्यालयहरूको निरीक्षण तथा अनुगमन गर्ने ।

(छ) विकास निर्माण कार्यमा सहयोग तथा सहजीकरण गर्ने ।

(ज) जिल्ला स्थित प्रादेशिक तथा स्थानीयस्तरका कार्यालयहरू वीच सहयोग र समन्वय गर्ने ।

(झ) सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयनमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने ।

(ञ) जिल्ला स्थित सबै सरकारी कार्यालयहरूमा सुशासन कायम गर्ने तथा सेवाप्रवाहलाई प्रभावकारी बनाउने सम्बन्धमा सहयोग, समन्वय तथा अनुगमन गर्ने ।

(ट) प्रचलित ऐन, कानूनहरूबाट निर्दिष्ट तथा प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने

(ठ) नेपाल सरकारगृह मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय लगायत सम्बन्धित केन्द्रीय निकायबाट हुने निर्णयएवं निर्देशन बमोजिमका कार्य गर्ने ।

## ४. जिल्ला प्रशासन कार्यालय, अर्घाखाँचीबाट चालु आ.व.मा सम्पादित क्रियाकलापहरु

### ४.१ जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीको आ.व. ०७७/०७८ को वार्षिक कार्यप्रगति

| क्र.स | मुख्यक्रियाकलापहरु | इकाई | सम्पादितकामको विवरण |
|---|---|---|---|
| १ | **नागरिकता प्रमाणपत्र** | | |
| | अ) नागरिकता वितरण (नयाँ) | | |
| | क) वशंजको आधारमा | जना | ५९५३ |
| | ख) वैवाहिक अंगिकृत | जना | ६ |
| | आ) नागरिकता वितरण (प्रतिलिपि | जना | २५४४ |
| | इ) नाबालक परिचयपत्र वितरण | जना | ७७ |
| २ | **राष्ट्रिय परिचयपत्र** | | |
| | क) विवरण दर्ता | जना | ३४४७ |
| | ख) वितरण संख्या | जना | ० |
| ३ | **राहदानी (सिफारिस तथा वितरण)** | | |
| | क) सामान्य सिफारिस | जना | २०६८ |
| | ख) द्रुत सेवा सिफारिस | जना | ४३५ |
| | ग) वितरण संख्या | जना | २२०६ |
| ४ | **सिफारिस तथा प्रमाणित** | | |
| | क) पारिवारिक पेन्सन प्रमाणित | जना | २८१ |
| | ख) अन्य सिफारिस तथा प्रमाणित | जना | १२८२ |
| ५ | **संघ/संस्था** | | |
| | क) दर्ता | वटा | १६ |
| | ख) नविकरण | वटा | ८७ |
| ६ | **हातहतियार** | | |
| | क) अनुमति | वटा | ० |
| | ख) नविकरण | वटा | ४ |
| ७ | **दर्ता/चलानी** | | ० |
| | क) दर्ता | वटा | १२७५ |
| | ख) चलानी | वटा | ६५७७ |
| ८ | **बैठक** | | |

| क्र.स | मुख्यक्रियाकलापहरु | इकाई | सम्पादितकामको विवरण |
|---|---|---|---|
| | क) जिल्ला सुरक्षा समिति | पटक | ३६ |
| | ख) कार्यालय प्रमुख | पटक | ११ |
| | ग) सर्वपक्षिय | पटक | ११ |
| | घ) जिल्ला विपद् व्यस्थापन समिति | पटक | ९ |
| | ङ) अन्तर जिल्ला बैठक | पटक | ४ (प्यूठान, दाङ्ग, रोल्पा र गुल्मी) |
| | च) सूचना अधिकारीसँगको बैठक | पटक | ४ |
| | छ) कर्मचारी बैठक | पटक | १२ |
| | ज) अन्य बैठक | पटक | ७ |
| ९ | **अनुगमन/निरीक्षण** | | |
| | क) कार्यालय अनुगमन | पटक | २ |
| | ख) बजार अनुगमन | पटक | २१ |
| १० | **सूचना प्रबिधि** | | |
| | क) सामाजिक संजाल अद्यावधिक | पटक | १४१ |
| | ख) वेवसाइट अद्यावधिक | पटक | १७८ |
| ११ | **नागरिक सहायता कक्षबाट सहजीकरण** | वटा | २८१६ |
| १२ | **द्वन्द प्रभावितका लागि राहत वितरण** | | |
| | क) राहत प्राप्त गर्ने संख्या | जना | ४ |
| | ख) वितरित राहत रकम | रु. | २,२३,२०० |
| १३ | **विपद् व्यवस्थापन** | | |
| | क) विपद्बाट प्रभावित संख्या | जना | ३१९ |
| | ख) विपद् प्रभावितलाई राहतवितरण | रु. | ५८,३४,०००। |
| १४ | **मुद्दा, उजुरी तथा गुनासो दर्ता/फछ्र्यौट** | | |
| | क) सार्वजनिक शान्ति विरूद्धको मुद्दा दर्ता (अ.ल्या सहित) | वटा | ४८ |
| | ख) सार्वजनिक शान्ति विरूद्धको मुद्दा फछ्र्यौट | वटा | २९ |
| | ग) अख्तियार दुरूपयोग सम्बन्धीप्राप्त उजुरी | वटा | १४ |
| | घ) अख्तियार दुरूपयोग सम्बन्धीउजुरी फर्छ्यौट | वटा | ११ |
| | ङ) नागरिकता सम्बन्धीा प्राप्तउजुरी | वटा | ५ |
| | च) नागरिकता सम्बन्धी उजुरीफर्छ्यौट | वटा | ५ |
| | छ) कार्यालयमा प्राप्त गुनासो/ ठाडो उजुरी दर्ता | वटा | १७ |
| | ज) कार्यालयमा प्राप्त गुनासोफछ्र्यौट | वटा | १२ |
| १५ | **चालु र पुँजिगत खर्चको अवस्था** | | |
| | क) चालु खर्च (प्रतिशत) | % | ८७.०४३% |
| | ख) पुँजिगत खर्च (प्रतिशत) | % | ९९.९६७% |
| १६ | **राजश्व संकलन** | | |

| क्र.स | मुख्यक्रियाकलापहरु | इकाई | सम्पादितकामको विवरण |
|---|---|---|---|
| | क) राहदानी शुल्क | रु. | १,४०,००,०००।- |
| | ख) न्यायिक दस्तुर | रु. | ३,०००।- |
| | ग) परीक्षा शुल्क | रु. | २,०००।- |
| | घ) अन्य प्रशासनिक सेवा शुल्क | रु. | ५९०।- |
| | ङ) हाहतियारको ईजाजत दस्तुर | रु. | २,२००।- |
| | च) न्यायिक दण्ड, जरिवाना, जफत | रु. | ९८,९७५।- |
| | छ) प्रशासनिक दण्ड, जरिवाना, जफत | रु. | ११,१००.०० |
| | ज) अन्य | रु. | १,५१,१५५।- |
| १७ | **बेरूजु संपरीक्षण** | रु. | ० |
| १८ | **लागु औषध सम्बन्धी** | | |
| | क) मुद्दा दर्ता | वटा | १ |
| | ख) पक्राउ परेका व्यक्तिको संख्या | जना | ४ |
| | ग) बरामद भएको लागु औषध | ग्राम | ४८३ ग्राम |
| | घ) लागू औषध सम्बन्धी अन्तर्क्रिया | वटा | ६७ |
| | ङ) लागू पदार्थ खेती नष्ट | व.मि | ९,९७० |
| १९ | **शान्ति सुरक्षा** | | |
| | क) अपराधिक घटनाहरू | वटा | १८९ |
| | ख) अभियुक्त पक्राउ | जना | ७० |
| | ग) मुद्दा चलाईएको | वटा | ११२ |
| २० | **अपराधिक गतिविधिहरू** | | |
| | क) जघन्य अपराधका घटनाहरू | वटा | १२ |
| | ख) संगठित तथा आर्थिक अपराध | वटा | ० |
| | ग) महिला तथा बालबालिका सम्बन्धी अपराध | वटा | ७५ |
| | घ) सामाजिक अपराध | वटा | ४७ |
| | ङ) सवारीजन्य अपराध | वटा | ३ |
| | च) विविध अपराध सम्बन्धीघटनाहरू | वटा | ३१ |
| | छ) लागू औषध तथा मदिरानियन्त्रण | वटा | ७९६ |
| | ज) मदिरा सेवन गरी सवारी चलाउनेउपर कारवाही | वटा | ६९ |
| | झ) अमर्यादित रात्री व्यवसायसंचालन गर्ने उपर कारवाही | वटा | ० |
| | ञ) ट्राफिक नियम उलंघन गर्नेउपर कारवाही | जना | ५९७९ |
| | ट) बसको क्षमताभन्दा बढी यात्रीराख्ने उपर कारवाही | जना | ७ |
| २१ | **सडक दुर्घटना** | | |
| | क) संख्या | वटा | २८ |
| | ख) मृत्यु संख्या | जना | ६ |
| | ग) घाईते संख्या | जना | ४५ |
| २२ | **सीमा संरक्षण** | | |

| क्र.स | मुख्यक्रियाकलापहरु | इकाई | सम्पादितकामको विवरण |
|---|---|---|---|
| | क) सिमा अतिक्रमणका घटना | वटा | ० |
| | ख) गस्ती पेट्रोलिङ्ग | पटक | ० |
| | ग) समन्वय बैठक | पटक | ० |
| २३ | **तस्करी नियन्त्रण** | | |
| | क) प्रचालित गस्ती | पटक | २८८१ |
| | ख) पक्राउ परेको सामान | थान | अबैधगिट्टी बालुवा चोरी निकासी सम्बन्धीराजश्व सकलन रु १,५५,६०० भएको । |

## ४.२ जिल्लामा शान्ति सुरक्षा तथा अपराध नियन्त्रणका लागि गरिएका कार्यहरू

### ४.२.१ एकीकृत रणनीतिक सुरक्षा योजना कार्यान्वयन

जिल्लामा शान्ति सुरक्षार अमन चयन, अपराध नियन्त्रण, रोकथाम र अनुसन्धान, लागू औषध नियन्त्रण, विपद् व्यवस्थापनका लागि जिल्ला सुरक्षा समितिबाट **Crime Map** सहितको एकीकृत रणनीतिक सुरक्षा योजना र अद्यावधिक गरिएको र एकीकृत रणनीतिक सुरक्षा योजनाको क्षेत्रगत कार्ययोजना तयार गरी कार्यान्वयन गरिएको छ ।

### ४.२.२ जिल्ला सुरक्षा समितिको बैठक

जिल्लामा शान्ति सुरक्षा कायम गर्न, चाडपर्व विशेष सुरक्षा व्यवस्था गर्न, अपराधजन्य तथा गैरकानूनी क्रियकलापलाई नियन्त्रण गर्न, एकिकृत रणनीतिक सुरक्षा योजना अद्यावधिक, सवारी दुर्घटना न्यूनीकरण, विपद् व्यवस्थापन, लागू औषधको अवैध कारोबार तथा ओसारपसार नियन्त्रण गर्ने लगायत कोरोना भाईरस महामारी रोकथाम र नियन्त्रण गर्न, नेपाल सरकारबाट जारी लकडाउनको आदेशलाई प्रभावकारी बनाउन, जिल्लामा समग्र शान्ति सुरक्षा तथा अमनचयन एवं सुशासन कायम गर्न विभिन्न मितिमा जिल्ला सुरक्षा समितिको ३६ पटक बैठक बसी विभिन्न निर्णय गरिएको र उक्त निर्णयहरूको पूर्ण र प्रभावकारी कार्यान्वयन गरि शान्ति सुरक्षा र अमन चयन कायम गरिएको।

### ४.२.३ राजमार्गमा हुने अबरोध हटाउने रोष्टर/समूह र कार्ययोजना निर्माण

राजमार्ग तथा सबै सडकहरू सधै सुचारू राखी सार्वजनिक यातायातलाई निर्बाध रूपमा संचालन गर्न/गराउन तथा मानवजन्य क्रियाकलाप, प्राकृतिक प्रकोपबाट सडक तथा राजमार्गलाई अबरोध रहित बनाउन राजमार्ग (सडक) मा हुने अबरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहीको कार्यविधि, २०७५ को अधिनमा रही यस जिल्लामा राजमार्ग (सडक) मा हुने अबरोध हटाउने सम्बन्धी कार्यविधि (SOP), २०७७ लागू गरी कार्यान्वयन गरिएको । यस अर्घाखाँची जिल्लामा राजमार्ग (सडक) मा हुन सक्ने प्राकृतिक तथा मानव सिर्जित अबरोध हटाउन ३ वटा समूह (रोष्टर) कायम गरी तत्काल राजमार्गमा हुने अबरोध हटाउने व्यवस्था मिलाईएको । यस अवधिमा मिति २०७७।०४।०५ गते शीतगंगा नगरपालिका वडा नं. २, मिति २०७७।०४।१३ गते सन्धिखर्क नगरपालिका पडा नं १ फुदवाङ्ग र वडा नं. ६ दह खोलामा, मिति २०७७।०४।१४ गते सिन्धिखर्क वडा नं. १ फुतवाङ्ग र २०७७।०५।१८ गते शीतगंगा नगरपालिका वडा नं. १२ कोन्द्रेखोला क्षेत्रमा पहिरोको कारण सडक अवरोध भएको ।

सडक अवरोध भएको सूचना पाएको आधा घण्टा भित्र सम्बन्धित रोष्टर अवरोध स्थल पुगी सडक खुलाइएको।

### ४.२.४ सुरक्षा निकायहरुको निरीक्षण



जिल्लामा शान्ति सुरक्षा, सुव्यवस्था कायम गर्ने, अपराध नियन्त्रण गर्ने, विपद् व्यवस्थापन लगायतका कामलाई थप प्रभावकारी बनाउनश्रीमान् प्रमुख जिल्ला अधिकारी विष्णु पौडेलबाट २०७७।०५।१८ गते जिल्ला प्रहरी कार्यालय र २०७७।०५।२१ गते सशस्त्र प्रहरी वलनेपाल नं. ३६ गुल्मको अनुगमन निरिक्षण गरीआवश्यक निर्देशन दिने कार्यसम्पन्न भएको छ । साथैमिति २०७७/०६/२९ गते प्रहरी चौकी भुमिकास्थान न.पा. ढाकावाङ्ग,मिति २०७७/०७/२६ गते ईलाका प्रहरी चौकी भुमिकास्थान न.पा. धारापानी, मिति २०७७/०८/०६ गते प्रहरी चौकी खिल्जी र मिति २०७७/०८/१५ गते प्रहरी चौकी खनमा निरीक्षण गरिएको र निरीक्षण गर्दा प्रहरी चौकी परिसर तथा शान्ति सुरक्षाका कार्यहरु सन्तोष रहेको र आगामी दिनहरुमा पनि निरन्तरताका लागि निर्देशन दिइएको ।

### ४.२.५ कारागार निरीक्षण

प्रमुख जिल्ला अधिकारी विष्णु पौडेलबाट कारागार कार्यालय अर्घाखाँचीमा मिति २०७७।०७।२१ र २०७८/०३/३१ मा अनुगमन निरिक्षण गरिएको ।२०७८/०३/३१ मा कारागार निरिक्षण गर्दा कैदीबन्दीको क्षमता संख्या पुरुष २५ र महिला २० भएकोमा हालपुरुष ५७ र महिला ५ रहेकोले आगामी आर्थिक वर्षभित्र नँया भवनमा व्यवस्थापन गर्नको लागि आवश्यक व्यवस्था मिलाउने गरी निर्देशन दिने कार्य सम्पन्न भएको छ ।

### ४.२.६ अन्तर जिल्ला समन्वय बैठक



सिमा क्षेत्रमा हुन सक्ने अपराधिक गतिविधि, अवैध तस्करी लगायतका गैर कानूनी गतिविधि नियन्त्रण र न्यूनीकरण गर्न,विपद् व्यवस्थापन र शान्ति सुरक्षाको अवस्थालाई थप मजबुद र प्रभावकारी बनाउन छिमेकी जिल्लाहरु सँग अन्तरजिल्ला समन्वय बैठक संचालन गरिँदै आएको छ। मिति २०७७।०९।०७ गते दाङ्ग जिल्ला सँग दाङ्गको भालुवाङ्गमा, २०७७।०९।२० गते प्यूठान, रोल्पा र दाङ्ग जिल्ला सँग प्यूठान जिल्लाको बाङ्गेसालमा यो क्षेत्रमा हुन सक्ने अपराध नियन्त्रण गर्न, शान्ति सुव्यवस्था कायम गर्न र विपद्को प्रभावकारी व्यवस्थापन गर्न आपसी सहयोग र समन्वयलाई अभिवृद्धि गर्न महत्वपूर्ण निर्णय गर्दै अन्तर जिल्ला समन्वय बैठक सम्पन्न भएको छ ।त्यसै मिति २०७८/०३/२८ गते गुल्मी, प्यूठान र अर्घाखाँची

जिल्लाका सुरक्षा समितिको संयुक्त भर्चुअल बैठक सम्पन्न भएको छ । बैठकले अपराध नियन्त्रण, विपद् व्यवस्थापन लगायतका विषयमा महत्वपूर्ण निर्णयहरु गरेको छ ।

### ४.२.७ चाडपर्व लक्षित सुरक्षा योजना

अर्घाखाँची जिल्लामा मनाईने तीज, दशैं, तिहार जस्ता चाडपर्वहरूमा राजमार्ग क्षेत्र लगायत अन्य स्थानमा हुन सक्ने चोरी, डकैती, लुटपाट, झै-झगडा, हत्या हिंसा लगायतका अपराधिक गतिविधि र सामजिक सद्भाव खलबलाउने गतिविधि नियन्त्रण गर्न जिल्ला सुरक्षा समितिबाट चाडपर्व लक्षित विशेष सुरक्षा योजना बनाईएको छ ।चाडपर्वको समयमा योजनामा उल्लेख भएको रणनीति अनुरुप निरन्तर चेकजाँच, गस्ती, अभिमुखिकरण, सूचना प्रवाह मार्फत आमसर्वसाधारणलाई भयरहित वातावरणमा चाड पर्व मनाउने वातावरणको सृजना गरीएको । यस अवधिमा सामाजिक सद्भाव भडकाउने एवम् अपराधिक गतिविधि नभएको।

### ४.२.८ प्रबर्द्धनात्मक कार्यक्रम

स्थानीय तहमा हुन सक्ने अपराधिक गतिविधिको नियन्त्रण गर्न, सेवा प्रवाहलाई प्रभावकारी बनाउन, लागू औषध कारोबारलाई नियन्त्रण गर्न, विपद् व्यवस्थापनका कार्यलाई प्रभावकारी बनाउन जिल्लाका भूमिकास्थान नगरपालिका र छत्रदेव गाउँपालिकामा प्रबन्द्धनात्मक कार्यक्रम सञ्चालन गरिएको ।




## ४.३ सुशासन प्रबर्धनका लागि गरिएका कार्यहरू

### ४.३.१ प्रभावकारी सार्वजनिक सेवा प्रवाह

कार्य सम्पादन सम्झौता, वार्षिक विकास कार्यक्रम तथा बजेट, मन्त्रलयको नीतिगत निर्देशन र जिल्लाको अन्तरिक अवस्था समेतका आधारमा जिल्ला प्रशासन कार्यालय संचालनको वार्षिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरीएको, जिल्ला प्रशासन कार्यालयको वार्षिक क्यालेण्डर तयार गरी कार्यान्वयन गरीएको र कार्यालयका अधिकृत कर्मचारीहरुसँग कार्यसम्पादन सम्झौता, मूल्याङ्कन गरी प्रभावकारी सार्वजनिक सेवा प्रवाहमा सुशासन कायम गरीएको छ ।

### ४.३.२ राष्ट्रिय परिचयपत्र सम्बन्धी कार्य



